बैठक नं.: ६२

आज मिति २०७५ साल माघ २२ गते का दिन यस रासी सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारू | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | श्री प्रकाश के.सी. | नि.प्र.प्र.अ | |

**निर्णय नं. १ :-**

मिति २०७५/०९/०५ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रितपुर्वक दर्ता भएका सिलबन्दी बोलपत्रहरुका सम्बन्धमा मूल्याँकन समितिबाट मूल्याँकन भई मिति २०७५/१०/१५ मा बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको र उक्त म्यादभित्र कुनै उजुर वाजुर नपरेको हुँदा स्वीकृतिका लागि छनौट भएका तपसीलका बोलपत्रदाताहरुलाई कवोल अंकको ५० प्रतिसत चेक वा बैंक जम्मा भौचर र ५० प्रतिसतको बैंक ग्यारेन्टी २०७६ श्रावण मसान्तसम्म म्याद भएको बैंक जमानत सहित ७ दिनभित्र सम्झौता गर्नको लागि छनौट भएका बोलपत्रदाताहरुलाई पत्राचार गर्ने ।

**निर्णय नं. २ :-**

नदीजन्य पदार्थ उत्खनन गरी बिक्रि बितरण तथा आन्तरिक निकासी गर्ने कार्यको लागि ठेक्का सम्झौता गर्न आउँदा एकमुष्ट कवोल अंकको रकम जम्मा गरेमा कवोल अंकको १० प्रतिसत रकम छुट दिने ।

**निर्णय नं. ३ :-**

राप्ती सोनारी गाउँपालिका वडा नं. २ को मिति २०७५/०९/२०, च.नं. ७२९ को सिफारिस पत्र र सोही मितिको वडा समितिको बैठकको निर्णय प्रतिलिपी अनुसार जोखिम पुर्ण बस्ती स्थानान्तरण सम्बन्धमा राजपुरको साबिक ढकेरी ८ख को नक्सामा पर्ने सम्पुर्ण मानव बस्ती २०७१ सालमा आएको बाढीको कारण परुवा खोला र झिझरी खोलाले घरवास र खेतीयोग्य जमिन समेत निरन्तर डुवान कटानबाट पुर्ण क्षति भई उक्त बिपत जोखिममा बस्ती रहेको हुँदा सोको बिकल्पमा बाढी पिडित हकभोगका जग्गा सट्टा पट्टाको आधारमा सुरक्षित स्थान श्री बनशक्ति सामुदायिक बनको ब्लक नं. १ पुर्व सिमाना बनदेवि सा.ब.,पश्चिम सिमाना चंगई पुल,उत्तर सिमाना महेन्द्र राजमार्ग र दक्षिण सिमाना कच्ची सडक यति चारकिल्ला भित्रमा बस्ती स्थानान्तरण गर्न माग भई आएकोले नेपाल सरकारमा सिफारिस गर्ने ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकामा मासिक डोर हाजिर र ज्यालादारीमा काम गर्ने कर्मचारीको हकमा मन्त्रालयको परिपत्र अनुसार २०७५ फागुन महिनादेखि काममा नलगाउने ।

**निर्णय नं. ५ :-**

लक्षित वर्गाको रकमको सम्बन्धमा कुल ७२ लाख मध्ये प्रत्येक वडालाई रु ८ लाखका दरले बिनियोजन गरी पेश गर्न लगाउने ।

क.महिला लक्षित कार्यक्रम
ख.युवा स्वरोजगार तथा खेलकुद
ग.बालबालिका लक्षित कार्यक्रम
घ.सिमान्तकृत जनजाति पिछडा वर्गको कार्यक्रम
ङ.जनजाति लक्षित कार्यक्रम
च.जेष्ठ नागरिक सम्मान कार्यक्रम
छ.एकल महिला तथा द्वन्द्वपिडित कार्यक्रम

माथि उल्लेखित निर्णय नं. २मा मेरो सहमती छैन ।

**निर्णय ६ :-**

यस राप्तीसोनारी गाउँपालिका अन्तरगत संचालित सामुदायिक बिद्यालयहरुमा प्राबिधिक धार संचालन गर्न अनुमति माग गरेको बिद्यालयको आवेदन मूल्याँकन गर्न तपसील अनुसारको समिति गठन गर्ने ।

संयोजक : लाहुराम थारु व निजले तोकेको कार्यपालिका सदस्य
सदस्य : कान्छा थारु वडा अध्यक्ष ४ नं. वडा
सदस्य : जीवन न्यौपाने बि.नि. शिक्षा शाखा प्रमुख

**निर्णय नं. ७ :-**

राप्तीसोनारी गाउँपालिकाभित्र पर्ने तपसील बमोजिममा पर्ने खोलाको EIA गर्ने ।

<u>तपसील</u>

क. राप्ती नदी
ख. मुगुवा खोला